# राष्ट्रिय नागरिक संघर्ष समितिको

## आचार संहिता २०८२

१. **पृष्ठभूमीः-**

मुलुकको बर्तमान व्यबस्था र अवस्थाबाट राष्ट्र, राष्ट्रियता, राष्ट्रिय अखण्डता, धर्म, संस्कृति र देशको अस्थित्व नै समाप्त हुने संघारमा रहेकोछ । नेपाली जनतामा निहित रहेको सार्वभौमसत्ताको सार्वभौम अधिकारलाई प्रयोग गर्दै मुलुकको बेथितिलाई हटाई राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, धर्म संस्कृति, परम्परा र राष्ट्रिय स्वाभिमानलाई जोगाउन जनता नै अघि बढनुपर्ने अवस्था आएकोले नेपालको राष्ट्रिय झण्डामुनी गोलबन्द भई सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको साझा थलोकोरुपमा मिति २०६९ भाद्र ४ गते ४८ जिल्लाका प्रतिनिधिहरुको काठमाडौंमा सम्पन्न भएको राष्ट्रिय सम्मेलनबाट स्वर्गीय श्री किशोर बहादुर सिंहज्युको संयोजकत्वमा बिधिवतरुपमा स्थापना भई क्रियासलि रहेको संगठनलाई परीचालन गर्न यो आचार संहिता बनाई लागु गरेका छौ ।

(१) यो आचारसंहिताको नाम राष्ट्रिय नागरिक संघर्ष समितिको आचारसंहिता २०८२ हुने छ,

(२) यो आचारसंहिताको पालन गर्नु राष्ट्रिय नागरिक संघर्ष समितिमा आवद्ध सबै सदस्यकाद कर्तव्य हुनेछ,

(३) यो आचारसंहिता राष्ट्रिय नागरिक संघर्ष समितिको केन्द्रीय कार्यसमितिको बैठकबाट पारित गर्ने निर्णय भएको मिति देखि लागु हुनेछ ।

२. **उत्तरदायीत्वः-**

राष्ट्रिय नागरिक संघर्ष समितिको सिंगो संगठन देश र जनता प्रति उत्तरदायीत्व रहनेछ ।

३. **राष्ट्रिय नागरिक संघर्ष समितिको सदस्यताः-**

राष्ट्रिय नागरिक संघर्ष समितिमा आवद्ध हुन चाहने नेपाली नागरिकले आफ्नो नागरिकताको फोटोकपि पेशगरी सम्बन्धित जिल्लाकार्यसमितिहरुमा तोकिएको सदस्यता शुल्क बुझाई यसै आचारसंहिताको अनुसुचिमा (३) अनुसारको सदस्यता प्रमाण पत्र लिनु पर्ने छ ।

(१) राष्ट्रिय नागरिक संघर्ष समितिको सदस्यता शुल्क रु. १००।- मात्र हुने छ,

(२) राष्ट्रिय नागरिक संघर्ष समितिको सदस्यता प्राप्त गर्ने सदस्यहरुले प्रत्येक बर्ष अषाढ मसान्त भित्र रु.१०० को रसिद कटाई सदस्यता नबिकरण गर्नु पर्ने छ,

(३) अन्य कुनै प्रकारको शुल्क तिर्नु पर्ने भएमा आवश्यकता र औचित्यको आधारमा उक्त शुल्क सम्बन्धित समितिले निर्धारण गर्न सक्नेछ,

(४) राष्ट्रिय नागरिक संघर्ष समितिको जिल्ला कार्यसमितिहरुले सदस्यता नबीकरण तथा नयां सदस्यता लिने सदस्यहरुको रेकर्ड अध्यावधिक गर्नु पर्नेछ ।

४. **राष्ट्रिय नागरिक संघर्ष समितिको संरचनाः-**

राष्ट्रिय नागरिक संघर्ष समितिको देहाय अनुसारको संरचना हुनेछ ।

(१) **राष्ट्रिय सम्मेलनः**

राष्ट्रिय नागरिक संघर्ष समितिको राष्ट्रिय सम्मेलन यस संगठनको सर्वोच्च अंग हुनेछ । बिशेष परिस्थिति बाहेक बर्षमा १ पटक राष्ट्रिय सम्मेलन हुने छ ।

(२) **राष्ट्रिय सम्मेलनका सदस्य तथा राष्ट्रिय सम्मेलन गठन प्रक्रियाः-**

राष्ट्रिय सम्मेलनमा राष्ट्रिय नागरिक संघर्ष समितिको मौजुदा केन्द्रीय कार्यसमिति तथा प्रत्येक जिल्लाबाट सम्बन्धी जिल्लाका जिल्ला संयोजकहरु तथा जिल्ला प्रवक्ताहरु राष्ट्रिय सम्मेलनका सदस्य हुनेछन् ।

(३) **राष्ट्रिय सम्मेलनको काम कर्तव्य र अधिकारः-**

राष्ट्रिय सम्मेलनको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(३.१) राष्ट्रिय नागरिक संघर्ष समितिको केन्द्रीय कार्यसमितिको गठन,

(३.२) राष्ट्रिय नागरिक संघर्ष समितिको नीति तथा अन्य आवश्यक प्रस्तावहरु पारित,

(३.३) राष्ट्रिय नागरिक संघर्ष समितिको केन्द्रीय कार्यसमितिलाई आवश्यक सल्लाह,सुझाव र निर्देशन दिने ।

५. **राष्ट्रिय नागरिक संघर्ष समितिको केन्द्रीय कार्यसमितिको गठन प्रक्रियाः-**

राष्ट्रिय नागरिक संघर्ष समितिको राष्ट्रिय सम्मेलनबाट प्रजातान्त्रिक प्रक्रियाबाट देहाय अनुसारको केन्द्रीय कार्यसमितिको गठन हुनेछ ।

(१) केन्द्रीय संयोजक १,

(२) केन्द्रीय प्रवक्ता१,

(३) केन्द्रीय सदस्य ७५ जना राष्ट्रिय सम्मेलनबाट र ३० जना केन्द्रीय सदस्यहरु केन्द्रीय कार्यसमितिको निर्णय अनुसार केन्द्रीय संयोजकले मनोनित गर्ने,

(४) राष्ट्रिय नागरिक संघर्ष समितिको अन्य समितिहरु केन्द्रीय कार्यसमिति आफैले गठन गरी कार्य बिभाजन गर्न सक्ने छ,

(५) केन्द्रीय कार्यसमितिको कार्यकाल ५ बर्षको हुने छ ।

६. **केन्द्रीय समितिको काम कर्तव्य र अधिकारः-**

राष्ट्रिय नागरिक संघर्ष समितिको केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(१) राष्ट्रिय सम्मेलनबाट प्राप्त नीति निर्देशनलाई कार्यान्वयन गर्ने गराउने,

(२) राष्ट्रिय नागरिक संघर्ष समितिको लक्ष्य र उद्देश्य पुरा गर्न सिगो राष्ट्रिय नागरिक संघर्ष समितिको संगठनलाई परिचालन गर्ने,

(३) आवश्यकता अनुसार समिति गठन गरी कार्यबिभाजन गर्ने,

(४) सल्लाहकार परिषद् गठन गरी बिभिन्न क्षेत्रका बिज्ञहरुसंग समन्वय गरी सल्लाहकार परिषद्मा बस्न र सल्लाह सुझाव दिन आग्रह गर्ने,

(५) जिल्ला कार्यसमितिहरुको अनुगमन गरी आवश्यक सल्लाह र सुझाव दिने,

(६) अन्य आवश्यक कार्यहरु गर्ने गराउने ।

७. **केन्द्रीय संयोजकको काम कर्तव्य र अधिकारः-**

(१) राष्ट्रिय नागरिक संघर्ष समितिको नेतृत्व गर्ने,

(२) राष्ट्रिय नागरिक संघर्ष समितिको केन्द्रीय कार्यसमितिको बैठक तथा राष्ट्रिय सम्मेलनको अध्यक्षता गर्ने,

(३) राष्ट्रिय नागरिक संघर्ष समितिको मातहत निकायको अनुगमन गर्ने र आवश्यक निर्देशन दिने,

(४) राष्ट्रिय राजनीतिसंग सरोकार भएका राजनीतिक दलहरु तथा अन्य राष्ट्रका सरोकारवाला सरकारी र गैरसरकारी निकायहरुसंग समन्वय गर्ने,

(५) अन्तराष्ट्रिय नियोगहरुसंग समन्वय गर्ने,

(६) राष्ट्रिय सम्मेलन तथा केन्द्रीय कार्यसमितिले तोकेको जिम्मेवारी बहन गर्ने ।

८. **केन्द्रीय प्रवक्ताको काम कर्तव्य र अधिकारः-**

(१) राष्ट्रिय नागरिक संघर्ष समितिको केन्द्रीय कार्यसमितिको सचिवालयको प्रमुखको जिम्मेवारी बहन गर्ने,

(२) राष्ट्रिय नागरिक संघर्ष समितिका केन्द्रीय संयोजक संग समन्वय गरी केन्द्रीय समितिको बैठक बोलाउने र बैठकको ऐजेण्डा, मिति र समय केन्द्रीय सदस्यहरुलाई पूर्ब जानकारी गराउने,

(३) राष्ट्रिय नागरिक संघर्ष समितिका निर्णयहरु आवश्यकता अनुसार केन्द्रीय सदस्यहरु, जिल्ला संयोजकहरु लगायत अन्य सरोकारवाला निकायहरुमा जानकारी गराउने,

(४) राष्ट्रिय नागरिक संघर्ष समितिको तर्फबाट संचार माध्यम मार्फत सार्वजनिक गर्नुपर्ने कुराहरु सार्वजनिकगर्ने,

(५) राष्ट्रिय नागरिक संघर्ष समितिको बैठकमा प्रस्ताव पेशगर्ने,निर्णयहरु माईन्यूट गर्ने तथा निर्णयहरु लिपिबद्ध गर्ने,

(६) राष्ट्रिय नागरिक संघर्ष समितिको संगठन बिस्तार तथा अन्यकार्यको लागि योजना बनाउने, कार्यतालिका बनाउने, प्रशिक्षणको व्यबस्था गर्ने,

(७) केन्द्रीय कार्य समितिको निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

९. **केन्द्रीय सदस्यहरुको काम, कर्तब्य र अधिकारः-**

(१) राष्ट्रिय नागरिक संघर्ष समितिको निर्णयहरु कार्यान्वयन गर्न सकारात्मक भूमीका निर्वाह गर्ने,

(२) राष्ट्रिय नागरिक संघर्ष समितिको केन्द्रीय कार्यसमितिले तोकेको जिम्मेवारी बहन गर्ने,

(३) राष्ट्रिय नागरिक संघर्ष समितिको संगठनलाई बिस्तार, परिचालन तथा सुदृढीकरणमा सहयोग पुऱ्याउने,

(४) राष्ट्रिय नागरिक संघर्ष समितिको केन्द्रीय कार्यसमितिको बैठकमा नियमित रुपमा भाग लिने ।

१०. **राष्ट्रिय नागरिक संघर्ष समितिको जिल्लासम्मेलन गठन, काम, कर्तव्य रअधिकारः-**

राष्ट्रिय नागरिक संघर्ष समितिको जिल्लासम्मेलन देहाय अनुसार हुने छ ।

(१) राष्ट्रिय नागरिक संघर्ष समितिको जिल्लासम्मेलनमा जिल्ला भरी रहेका राष्ट्रिय नागरिक संघर्ष समितिको सदस्यता नबीकरण भएका सदस्यहरु जिल्लासम्मेलनका सदस्य हुनेछन,

(२) जिल्लासम्मेलन बर्षको १ पटक हुनेछ,

(३) जिल्लासम्मेलनले राष्ट्रिय नागरिक संघर्ष समितिको नीति, योजना तथा कार्यतालिका पारित गर्नेछ,

(४) बिशेष परिस्थिति बाहेक जिल्लासम्मेलनले प्रत्येक पाच बर्षमा राष्ट्रिय नागरिक संघर्ष समितिको जिल्ला कार्यसमितिको गठन गर्नेछ,

(५) राष्ट्रिय नागरिक संघर्ष समितिको बिशेष सम्मेलन गर्नु पर्ने अवस्था आएमा राष्ट्रिय नागरिक संघर्ष समितिको केन्द्रीय कार्यसमितिले छुट्टै कार्यबिधि बनाई बिशेष जिल्लासम्मेलन आयोजना गर्नेछ ।

११. **राष्ट्रिय नागरिक संघर्ष समिति जिल्ला संयोजकको काम कर्तव्य र अधिकारः-**

(१) राष्ट्रिय नागरिक संघर्ष समितिको राष्ट्रियसम्मेलन तथा केन्द्रीय कार्यसमितिबाट प्राप्त निर्देशनको पालना गर्ने,

(२) राष्ट्रिय नागरिक संघर्ष समितिको जिल्ला भित्ररहेका बिभिन्न समितिहरुलाई परिचालन, सहयोग, सुझाव दिने,

(३) राष्ट्रिय नागरिक संघर्ष समितिको लक्ष्य, उद्देस्य र नीति अनुसार काम गर्ने गराउने,

(४) सार्वभौमसत्ता सम्पन्न नेपाली जनताहरुलाई राष्ट्रिय नागरिक संघर्ष समितिको समितिको सदस्यता प्रदान तथा नबीकरण गर्ने,

(५) जिल्ला स्थित अन्तरपार्टी संजालहरुसंग समन्वय गर्ने,

(६) जनतासंग सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय गर्ने ,

(७) राष्ट्रिय नागरिक संघर्ष समितिको बैठकको अध्यक्षता गर्ने,

(८) राष्ट्रिय नागरिक संघर्ष समितिको जिल्ला सम्मेलनको अध्यक्षता गर्ने,

(९) राष्ट्रिय नागरिक संघर्ष समितिका अन्य कार्यहरु गर्ने गराउने,

(१०) राष्ट्रिय नागरिक संघर्ष समिति जिल्ला कार्यसमितिले बैठकको निर्णयबमट जिल्ला सल्लाहकार परिषदको गठन गर्ने,

(११) जिल्ला कार्यसमितिको बैठकबाट आवश्यकता अनुसारका समिति गठन गरि कार्य बिभाजन गर्ने गराउने ।

१२. **जिल्ला प्रवक्ताको काम कर्तव्य र अधिकारः-**

(१) राष्ट्रिय नागरिक संघर्ष समितिको जिल्ला कार्यसमितिको सचिवालय प्रमुख भई काम कारवाही गर्ने,

(२) जिल्ला संयोजक संग परामर्श गरी जिल्ला कार्यसमितिको बैठक बोलाउने र बैठकको बिषयवस्तुहरु तथा मिति, समय र स्थान सम्मवन्धी सदस्यहरुलाई जानकारी गराउने,

(३) राष्ट्रिय नागरिक संघर्ष समितिको जिल्लाकार्य समितिको निर्णयहरु सार्वजनिक गर्ने,

(४) जिल्ला कार्यसमितिको बैठकको अभिलेख अद्यावधिक गर्ने,

(५) जिल्ला कार्यसमितिमा प्रस्ताव, र्कातालिका र कार्यसुची जस्ता कार्यहरु तयार गरि पेश गर्ने,

(६) जिल्ला कार्यसमितिबाट तोकिएको अन्य कार्य गर्ने गराउने ।

१३. **राष्ट्रिय नागरिक संघर्ष समिति जिल्ला कार्यसमितिका सदस्यहरुको काम, कर्तव्य र अधिकारः-**

(१) जिल्ला कार्यसमितिको बैठकमा नियमित रुपमा भाग लिने,

(२) जिल्ला कार्यसमितिको निर्देशन पालना गर्ने,

(३) जिल्ला कार्यसमितिमा कुनै कार्यतालिका छलफल भई रहदा उक्त छलफलमा सक्रिय भूमिका निर्वाह गर्ने,

(४) जिल्ला कार्यसमितिले तोकिएको जिम्मेवारी पुरा गर्ने ।

१४. **सदस्यता समाप्तीः-**

राष्ट्रिय नागरिक संघर्ष समितिको सवै तहका सदस्यहरुको सदस्यताको समाप्ति निम्न लिखित अवस्थमा हुनेछ ।

(१) राष्ट्रिय नागरिक संघर्ष समितिको केन्द्रीय तथा जिल्लाकार्य समितिको बैठकमा कुनै मुनासिब सूचना विना लगारतार ३ पटक अनुपस्थित भएमा निजको पदीय जिम्मेवारी स्वतः समाप्त हुने छ,

(२) राष्ट्रिय नागरिक संघर्ष समितिका सवै तहका सदस्यहरुले यस आचारसंहिता बिपरीत कार्य गरेमा अनुशासनको कार्यवाहि गरिने छ,

(३) राष्ट्रिय नागरिक संघर्ष समितिका सवै तहका सदस्यहरुले ३ पटक सम्म आचारसंहिता विपरीत काम कारवाही गरेमा निजको सदस्यता खारेज हुनेछ,

(४) अन्य कुरा केन्द्रीय अनुशासन समितिले बनाएको नीति अनुसार हुनेछ ।

१५. **सपथ ग्रहणः-**

राष्ट्रिय नागरिक संघर्ष समितिका सवै सदस्यहरुले पद तथा गोपनीयताको अनुसूची ४ अनुसारको सपथ लिनु पर्ने छ ।

१६. **सपथ ग्रहण लिने र लिन लगाउने व्यबस्थाः-**

(१) केन्द्रीय संयोजकलाई राष्ट्रिय सम्मेलनका अध्यक्ष वा केन्द्रीय सल्लाहकार परिषद्का बरिष्ठ सदस्यले,

(२) केन्द्रीय समितिका प्रवक्ता तथा सदस्यहरुलाई केन्द्रीय सदस्यहरुलाई केन्द्रीय संयोजकले,

(३) जिल्ला संयोजकहरुलाई जिल्ला सम्मेलनका अध्यक्ष वा केन्द्रबाट तोकिएको प्रतिनिधिले,

(४) जिल्ला प्रवक्ता र जिल्ला सदस्य तथा अन्य सदस्यहरुलाई, जिल्ला संयोजकले ।

१६. **अनुसूची:-**

(१) **लोगो:-**

राष्ट्रिय नागरिक संघर्ष समितिको लोगो गोलाकार भित्र एक आपसमा क्रस गरिएको नेपालको झण्डा हुनेछ ।

(२) **छापः-**

राष्ट्रिय नागरिक संघर्ष समितिको छाप, लोगोलाई राष्ट्रिय नागरिक संघर्ष समितिको केन्द्रीय तथा जिल्ला कार्यसमितिको नामले बिचमा पारी गोलाकार आकारको छाप हुने छ ।

(३) **सदस्यता प्रमाणपत्रको नमुनाः-**

**राष्ट्रिय नागरिक संघर्ष समितिको**

**सदस्यता प्रमाण-पत्र ।**

.......अञ्चल............जिल्ला.............म.न.पाउप-म.न.पा/न.पा./ गा.पा......वा.नं.........................बस्ने श्री................छोरा........... बर्ष..... को श्री ............... ले राष्ट्रिय नागरिक संघर्ष समितिको सदस्यताको लागि आवश्यक कागजात सहित आवेदन पेश गरेकोले प्राप्त निबेदन र कागजातको आधारमा तपाईलाई राष्ट्रिय नागरिक संघर्ष समितिको सदस्ता प्रमाण-पत्र प्रदान गरिएकोछ ।

प्रवक्ता जिल्ला संयोजक

(४) **सदस्यता रसिदको नमुनाः-**

**राष्ट्रिय नागरिक संघर्ष समितिको**

**सदस्यता रशिद ।**

श्री.......................... बाट......................वापत.................. नगद/चेक प्राप्त भयो ।

.......... .........

बुझाउने बुझिलिने

नामः- नामः-

(५) **सपथ ग्रहणः-**

म............... ईश्वरको नाममा सपथ लिन्छु कि राष्ट्रिय नागरिक संघर्ष समितिको .......सदस्य रहंदा वा नरहंदा पनि देश र जनता प्रतिको उत्तरदायित्व बहन गर्ने छु र राष्ट्रिय नागरिक संघर्ष समितिको लक्ष, उदेश्य र नीतिको पूर्ण पालना गर्ने छु भनि यो सपथ लिन्छु ।

सपथ ग्रहण गर्ने सपथ ग्रहण गराउने